# दक्षिणकाली नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
वागमती प्रदेश

## स्यानिटरी प्याड खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्रको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०३/०४

यस दक्षिणकाली नगरपालिका क्षेत्रभित्र रहेका सरकारी विद्यालयमा अध्ययनरत छात्राहरुको लागि संघिय सरकार शशर्त अनुदानको कार्यक्रम अनुसार स्यानिटरी प्याड खरिद गर्नुपर्ने भएको हुनाले ईच्छुक योग्यता पुगेका फर्म / सप्लायर्स तथा निर्माताहरुलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र कार्यालय समयमा रितपूर्वक शिलवन्दी दरभाउपत्र पेश गर्नहुन आह्वान गरिन्छ । साथै थप जानकारीको लागि www.dakshinkalimun.gov.np मा हेर्नुहुन अनुरोध छ ।

**प्रमुख प्रशासकिय अधिकृत**

**Published on : 2077-03-04( 18th June, 2020, Nagarik Daily)**

# दक्षिणकाली नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

बागमति प्रदेश

फर्पिङ, काठमाडौ ।

प्रथम पटक प्रकाशित मिति २०७७/०३/०४

यस दक्षिणकाली नगरपालिका क्षेत्र भित्र रहेका सरकारी विद्यालयमा अध्ययनरत छात्राहरुको लागी संघिय सरकार शशर्त अनुदानको कार्यक्रम अनुसार सेनेटरी प्याड खरिद गर्नुपर्ने भएको हुनाले ईच्छुक योग्यता पुगेका निर्माता / फर्म / सप्लायर्स वा कम्पनीहरुले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा रितपूर्वक शिलवन्दी दरभाउपत्र तपशिलको शर्तहरुको अधिनमा रहि पेश गर्न आह्वान गरिन्छ ।

- शिलवन्दी दरभाउपत्रको शुल्क रु.१०००/-
- शिलवन्दी दरभाउ खरिद गर्ने अन्तिम मिति र स्थान:- २०७७/०३/१८ गते कार्यालय समय भित्र, दक्षिणकाली नगरपालिका, फर्पिङ।
- शिलवन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र स्थान:- २०७७/०३/१९ गते दिनको १२ वजे सम्म, दक्षिणकाली नगरपालिकाको कार्यालय, फर्पिङ ।
- शिलवन्दी दरभाउपत्र खोलिने मिति र स्थान:- २०७७/०३/१९ गते दिनको २ वजे, दक्षिणकाली नगरपालिकाको कार्यालय, फर्पिङ ।
- शिलवन्दी दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजिनक विदा पर्न गएमा सो दिनलाई एक दिन पछाडी सारिनेछ।
- दरभाउपत्र खरिद गर्नका लागी व्यक्ति वाहेक संस्था वा फर्मको हकमा यस नगरपालिकामा सूचि दर्ता गर्नुपर्नेछ । प्रति एक फर्मको सूचि दर्ताको शुल्क रु.५००/- हुनेछ।

- शिलवन्दी दरभाउपत्रमा दरभाउपत्रदाताले कवोल गरेको ५ प्रतिशत रकम धरौटी वापत यस नगरपालिकाको फर्पिङ स्थित राष्ट्रिय वाणिज्य वैंकको खाता नं. १२०००३०३००००२ मा जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र दाताले दर्ता गर्ने मितिले १ वर्ष अवधि रहेको वाणिज्य वैंकको यस नगरपालिकाको नाममा जारी गरिएको जमानत पत्र संलग्न राख्नुपर्नेछ ।
- शिलवन्दी दरभाउपत्र खोल्दा यस कार्यालयको कर्मचारी र प्रतिनिधिको रोहवरमा खोलिने छ तर दरभाउपत्र दाताको प्रतिनिधिको उपस्थिती हुन सकेन भने पनि खोल्न बाधा पर्ने छैन ।
- दरभाउपत्रमा दर अंक र अक्षर महलमा स्पष्ट खुलाउनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । कुनै महलमा दर उल्लेख गर्न छुट भएमा सो दरभाउपत्र मान्य हुनेछैन । मूल्य अभिवृद्दी कर लाग्ने आइटमको विवरण उल्लेख गर्नुपर्नेछ । विवरण उल्लेख नभएको वस्तुको मूल्य अभिवृद्दी कर भूक्तानी गरिने छैन ।
- दरभाउपत्र दाताले पुरा ठेगान तथा फोन नम्वर र भए फ्याक्स तथा मोवाइल नं. खुलाउनु पर्नेछ । दरभाउ स्वीकृत भएको जानकारी पाएर पनि तोकिएको समय भित्र सम्झौता गर्न नआएमा दरभाउपत्र रद्द गरी निजले राखेको धरौटी जफत गरी नजिकको दोस्रो दरभाउपत्र स्विकृत गरि सम्झौता गरिनेछ ।
- सामाग्रीको हस्तान्तरण सम्वन्धमा यस दक्षिणकाली नगरपालिकाको कार्यालय भवन अवस्थित फर्पङमा गर्नुपर्नेछ ।
- सम्वन्धित सामाग्री BOQ मा उल्लेख गरे वमोजिमको गुणस्तरको हुनुपर्दछ।
- एक फर्म र कम्पनीको नामबाट खरिद गरिएको दरभाउपत्र फाराम अर्को कम्पनीको नामबाट दाखिला गर्न पाइने छैन ।
- दरभाउपत्र दाताले दरभाउ पेश गर्दा निम्न लिखित कागजात संलग्न गर्नुपर्नेछ ।
    - आ.व.२०७५/७६ को करचुक्ता प्रमाणपत्रको छायाँप्रति

- नविकरण गरिएको कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र छायाँप्रति
- सप्लायर्स इजाजत पत्रको छायाँप्रति
- मु.अ.कर दर्ता प्रमाणित प्रतिलिपि
- नागरिकताको प्रमाणपत्र छायाँप्रति
- स्थानिय निकायमा व्यवसाय दर्ता भएकोमा सोक्को नविकरण सहितको प्रमाणपत्रको छायाँप्रति

- यो सूचनामा उल्लेख हुन छुट भएका अन्य व्यहोरा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ र नगरपालिकाको निर्णयलाई नै अन्तिम मानिनेछ । अन्य कुरा बुझ्न परेमा यस नगरपालिकाको फोन नं.०१-४७१००२८ मा कार्यालय समय भित्र सम्पर्क गरि बुझ्न सकिनेछ ।